स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



भारतीय अभिनेता प्रदीप रावत फेरि नेपाली फिल्ममा देखिने भएका छन् । यसअघि नेपाली फिल्म "ह्रस्व दीर्घ" मा अभिनय गरेका उनी "आ बाट आमा" मा अनुबन्ध भएका हुन् । यो फिल्मलाई "ह्रस्व दीर्घ" कै निर्देशक चन्द्र पन्तले निर्देशन गर्न लागेका हुन् । निर्देशक पन्तले फिल्ममा प्रदीप रावत पल शाहको बुबाको भूमिकामा रहने बताए ।

**आजको विचार...**



बौद्ध... (दुई पेजमा)

सरोज लाल शाक्य



अभिनेत्री करिश्मा कपूरका पूर्व पति तथा व्यवसायी सञ्जय कपूरको जुन १२ मा लन्डनमा निधन भएको थियो। सञ्जयको अन्त्येष्टि दिल्लीमा हुने भएको छ, जसको लागि उनको शव भारत ल्याउने व्यवस्था गरिएको छ। यद्यपि, केही कानुनी प्रक्रियाका कारण ढिलाइ हुन सक्ने बताइएको छ। सञ्जय एक अमेरिकी नागरिक थिए र उनको मृत्यु बेलायतमा भएको थियो। यस कारणले गर्दा, उनको शवलाई अन्तिम संस्कारको लागि भारत ल्याउनु अघि लामो कानुनी प्रक्रिया पार गर्नुपर्नेछ।

❐ वर्ष ३० ❐ अंक ३२० ❐ २०८२ असार १ गते आईतबार 15 June 2025, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### वुटिप टाइफुनका कारण तीन जनाको मृत्यु



(रासस/सिन्ह्वा)

**हनोई, जेठ ३१/** वुटिप टाइफुनका कारण मध्य भियतनाममा आएको बाढीमा परी तीन जनाको मृत्यु भएको भियतनाम समाचार एजेन्सीले शनिबार जनाएको छ ।

एजेन्सिका अनुसार बाढीमा क्वाङ त्रि प्रान्तको ट्रिउ फोङ जिल्लामा दुई जनाको मृत्यु भएको छ भने हाइ लाङ जिल्लामा एक जनाको डुबेर मृत्यु भएको छ । छिमेकी क्वाङ बिन्ह प्रान्तमा, उद्धार टोलीले मौसमको अवस्था अनुसार अपरेसन विस्तार जारी राखेको र अझै चार जना बेपत्ता रहेको जनाएका छन् ।

एजेन्सिका अनुसार बाढीले २१ हजार हेक्टरभन्दा बढी धानको खेत, हजारौँ हेक्टर तरकारी खेती डुबानमा परेको जनाइएको छ । बाढीले घरहरू पनि डुबानमा पारेको ट्राफिक अवरुद्ध भएता पनि नदीको सतह बिस्तारै घट्दै गएको जनाइएको छ ।

## निजामती कर्मचारी युनियन पाल्पाको अधिवेशन

# सेवा प्रवाहमार्फत जनतामा भरोसा र विश्वास जगाऔं : सांसद राना

**रामचन्द्र रायमाझी**

**पाल्पा, जेठ ३१/**लुम्बिनी प्रदेशका सांसद् तथा पूर्वमन्त्री विरबहादुर रानाले प्रभावकारी सेवा प्रवाहमार्फत जनतामा भरोसा र विश्वास जगाउन निजामती कर्मचारीलाई आग्रह गरेका छन् । शनिबार नेपाल निजामती कर्मचारी युनियन पाल्पाको ९ औं जिल्ला अधिवेशनलाई तानसेनमा सम्बोधन गर्दै सांसद् रानाले सेवा प्रवाहमार्फत जनतामा विश्वास जगाउन आग्रह गरेका हुन् ।

प्रमुख अतिथि रानाले भने "पछिल्लो समय आमनागरिकमा निराशा छाएको छ, त्यो निराशा राजनीतिक दल र कर्मचारीहरुबाट नै भएको हो । त्यसमा हामी राजनीतिक दल र कर्मचारी वर्गहरु इमान्दारी भएर सेवा प्रवाहमा लाग्न आवश्यक छ ।" दल र कर्मचारी राज्यलाई नभई नहुने वर्ग भएको उनको भनाई छ । सांसद रानाले भने "यी दुई राज्यका लागि आवश्यक छन् । तर ति वर्गप्रति अहिले जनताको








विश्वास टुटेको छ , अब हामीले जनतालाई विश्वास दिलाउन एक पटक प्रण गर्नैपर्छ ।"जनतामा देखिएको निराशा चिर्न कर्मचारी साथीहरु शसक्त भएर लाग्नुपर्ने बेला आएको उनले बताए । नेपाली काँग्रेस पाल्पाका निवर्तमान सभापति समेत रहेका रानाले आफ्नो कार्य क्षेत्रमा देखिएका फोहोरलाई सफा गरेर जनताको मन जित्ने गरी उच्च मनोवलका साथ काम गर्नुपर्नेमा जोड दिए । नेता रानाले वर्तमान व्यवस्थाप्रति टिकाटिप्पणीहरु भएको प्रति लक्षित गर्दै भने "अहिलेको व्यवस्था खराब हैन, प्रवृति खराब हो । त्यसलाई चिर्न निजामती कर्मचारी युनियनले तोड्न जरुरी छ ।" मुलुकमा लोकतन्त्र र गणतन्त्र ल्याउन कर्मचारीको पनि महत्वपूर्ण भूमिका रहेको समेत उनले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

## डिजिटल कारोवारबारे सचेत बनौं

**डिजिटल बैंकिङ्गको सुरक्षाका लागि:**

- OTP, पासवर्ड र PIN नम्बर कसैलाई नदिऔं,
- आधिकारिक एप वा वेबसाइटबाट मात्र बैंकिङ सेवा प्रयोग गरौं,
- सार्वजनिक Wi–Fi प्रयोग गरी कारोबार नगरौं,
- अपरिचित व्यक्ति वा फोन कलमार्फत प्राप्त हुने प्रस्तावमा विश्वास नगरौं,
- शंकास्पद लिङ्कमा क्लिक नगरौं,
- मोबाइल वा कम्प्युटरमा सुरक्षित पासवर्ड र एण्टी भाइरस राखौं,
- अनुलाइन ठगीको आशंका लागेमा तत्काल सम्बन्धित बैंक वा नजिकको प्रहरीमा खवर गरौं ।

*"डिजिटल कारोवार सुरक्षित बनाऔं"*

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## तानसेनमा जनप्रतिनिधि र काँग्रेसबिच अन्तरर्क्रिया

**पाल्पा, जेठ ३१/**जिल्लाको तानसेनमा जनप्रतिनिधि र काँग्रेसबिच अन्तरर्क्रिया कार्यक्रम भएको छ । नेपाली काँग्रेस जिल्ला विकास शाखाको आयोजनामा शनिबार कार्यक्रम भएको हो ।

कार्यक्रममा नेपाली काँग्रेसबाट निर्वाचित स्थानीय तहका जनप्रतिनिधि, काँग्रेसका वडातहदेखि जिल्ला तहका नेतृत्वसँग विकासका विषयमा व्यापक छलफल भएको थियो । कार्यक्रमका प्रमुख अतिथि नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा स्थानीय तह समन्वय विभागका प्रमुख मधु आचार्यले विकास निर्माणमा स्थानीय तहका जनप्रतिनिधि र पार्टी बिचको सम्बन्धका विषयमा सहजीकरण गरेका थिए । उनले प्रतिनिधिमूलक रुपमा काँग्रेसका वडा सभापति, वडाबाट निर्वाचित महिला सदस्य, दलित महिला सदस्य, खुल्ला सदस्य, वडा अध्यक्ष, पालिका अध्यक्ष तथा प्रमुख, उपाध्यक्ष तथा उपप्रमुख, पार्टीका क्षेत्रिय सभापति, प्रदेश सभाका उम्मेदवार, प्रतिनिधि सभाका उम्मेदवार, जिल्ला सभापति,









उपसभापति लगायतका नेता तथा जनप्रतिनिधिहरुका अनुभव, कार्यसम्पादन गर्दा आइपरेका समस्या, पदीय जिम्मेवारीमा रहँदा प्राप्त सन्तुष्टि र असन्तुष्टिका विषयमा धारणा प्रस्तुत गर्न लगाएका थिए । कार्यक्रममा पार्टीका नेता र जनप्रतिनिधिहरुले पार्टी र जनप्रतिनिधिहरुबिच विकास निर्माणका काममा सहकार्य र समन्वयन हुन नसकेको गुनासो गरेका गरेका थिए । प्रमुख अतिथि आचार्यले काँग्रेसको अबको भिजन भनेको लोकतन्त्रको संस्थागत र विकास रहेको बताए । उनले विकास निर्माणका लागि पार्टीबाट निर्वाचित जनप्रतिनिधि र पार्टीबिच सहकार्य र समन्वय गरेर जाने गरी केन्द्रमा स्थानीय तह समन्वय विभाग गठन गरिएको बताए । **(बाँकी अन्तिम पेजमा)**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बुवा दिवसको सान्दर्भिकता

आफ्ना बुबाप्रति सम्मान जनाउँदै आज विश्वभर अन्तर्राष्ट्रिय बुबा दिवस मनाइँदै छ । हरेक वर्ष जुन महिनाको तेस्रो आइतबार विश्व समुदायले यो दिवस मनाउने गर्दछन् । यस दिन विश्वभर रहेका सन्ततीहरुले आफ्ना भगवानसरहका बुबालाई विशेष सम्झने गर्छन् ।

त्यसो त यसरी एकदिन मात्रै किन सम्झनु पर्ने? के सधैँभर नै ज्यूँदा देवतारूपी बुबालाई आदर सत्कार अर्थात् सम्मान गर्नुपर्ने होइन र भन्ने प्रश्न पनि उठ्नसक्छ । तर आजकल एकातिर आमाबुबा तथा छोराछोरी सधैँ एकैसाथ रहन असम्भव पनि छ भने अर्कोतिर कतिपय आमाबुबाका सन्ततिहरू टाढिँदै गइरहेको तीतो यथार्थता पनि हाम्रासामु देखापर्छ । त्यसैले जेहोस् एकदिन भए पनि यसरी विश्व बुबा दिवसको सन्दर्भ जोडिनु सान्दर्भिक विषय हो । सबैले आफ्नो परमकर्तव्य ठानेर बुबालाई सम्झना गर्ने दिनको अवसर आउनु पनि आफैमा एउटा महान गौरवको कुरा हो । हुन त यसरी वर्षमा एकदिन बुबालाई सम्झने दिनको सन्दर्भ जोडिएको त छ नै, त्यसमा पनि विश्वभर नै एकैसाथ बुबाप्रतिको उच्च सद्भाव झल्काउनका लागि विश्व बुवा दिवसको सान्दर्भिकता जोडिनु झन् खुशीको कुरा हो । यो हाम्रो सामाजिक मूल्य मान्यताभित्रको सांस्कारिक पहिचान एवं पारिवारिक सद्भाव पनि हो ।

कर्म दिने बुबालाई भगवानसरह मान्नुपर्ने धर्मसशास्त्रहरुमा उल्लेख छ । आफूलाई जन्म दिई हुर्काइ, पढाई सक्षम बनाउने बुवालाई देवता सम्झेर श्रद्धा भक्तिपूर्वक मान्नु र पूज्नु सम्पूर्ण छोराछोरीको कर्तव्य हो । पितालाई अरू समयमा वास्ता नगर्ने सन्तानहरू पनि यस दिन मीठा–मीठा खानेकुरा तथा कपडा लिएर बुवालाई भेट्न पुग्छन् । यसलाई सकारात्मक रुपमा लिएपनि एक दिन मात्र गरिएको सम्मानले पिताप्रतिको सच्चा सम्मान भने हुन सक्दैन । बाबुको सम्मान र सेवा गर्दा आफू पनि लोकबाटै सम्मानित भइने र भविष्यमा आफूले पनि आफ्ना सन्तानबाट त्यस्तै सेवा–सम्मान पाइन्छ भन्ने कुरा कुनै पनि सन्तानले विर्सनु हुँदैन । पिता वर्ष भरि नै पुजनीय हुन्छन् । दर्शनीय हुन्छन् । यसर्थ बुवाको सम्मान सधै गर्न सिकौं । जसले गर्दा हरेक वर्ष मनाइने अन्तर्राष्ट्रिय बुबा दिवसको सन्दर्भिकता अझ बढेर जान्छ ।

### Opinion @ Social Network

जब ढुङ्गा मूर्ति बन्छ तब मात्र पुजिन्छ, तिमी पनि त्यस्तै हो
जब तिमी सफल हुन्छौ तब मात्र तिम्रो अर्थ बुझिन्छ ।
*(माया सारुकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Maya.saru)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बौद्ध तीर्थ स्थल र भ्रमणको एक अनुभव



सरोज लाल शाक्य
तानसेन, पाल्पा



कुशीनगर



सारनाथ



बुद्धगया

२०८१ कार्तिक २३ गते शुक्रबार म र मेरी श्रीमती सगुन देवी शाक्य, तानसेनको आफ्नै निवासबाट दिनको ३ बजे निस्किएर बुटवल लाग्यौं र बुटवलको ऐतिहासिक पद्म चैत्य विहार गएर साँझको बास त्यहि बस्यौं ।

२०८१ साल २४ गते शनिबार मुखअष्टमीको दिन विहारबाट विहान ७ बजे बुटवलको पद्म चैत्य विहारका आवासिय अनागारिका शान्तिवतीको नेतृत्वमा म, मेरी श्रीमति सहित ६ जना भारतको सुनौली लाग्यौं । ८ बजे सुनौली पुगेर चेक जाँच गरी बोर्डर पार गरी ८:३० बजे सुनौलीबाट कुशीनगर जान अगाडि बढियो र बिहानको ११:०० बजे भगवान बुद्ध परिनिर्वाण भएको ठाँउ कुशीनगरमा ज्ञानेश्वर बुद्ध विहार पुगियो । त्यहाँ श्रद्धेय भिक्षु महेन्द्रज्यू आवाशिय भिक्षुसँग भेट भयो । केहि समय भलाकुसारी गरी विहानको भोजन पश्चात त्यस विहारबाट बुद्ध परिनिर्वाण भएको ठाउँ अथवा दाहासंस्कार गरिएको ठाँउमा रामभारमा दर्शन गर्न पुगियो । त्यस ठाउँमा शील प्रार्थना, बुद्धपुजा, ध्यान र चिवर दान गरी उक्त पवित्र ठाउँमा दर्शन गरी त्यहँबाट भगवान बुद्धको परिनिर्वाणको मूर्ति भएको मुख्य विहारमा पुगि दर्शनसँगै बुद्ध पुजा र ध्यान गरी त्यहँबाट कुशीनगरको प्रमुख श्रद्धेय भन्ते ज्ञानेश्वर महास्थविरज्यूको विहारमा गई ज्ञानेश्वर भिक्षुसंग भेटघाट गरि साँझ महेन्द्र भिक्षुको विहारमा आई महेन्द्र भन्तेको आनन्द कुटि विहारमा अवलोकन गरी साझँको विश्राम अग्गमहा पंडित भदन्त ज्ञानेश्वर महाथेरो बर्मिज विहारमा बिश्राम गरियो ।

२०८१ कार्तिक २५ गते महेन्द्र भिक्षुको विहारबाट हामीहरु भगवान परिनिर्वाण भएको आनन्दकुटि महाविहारमा सबैले मिलेर भगवानलाई चिवर चढाई शिल प्रार्थना, बुद्धपुजा गरी भगवानलाई आरधना गरी त्यस ठाँउबाट ज्ञानेश्वर भन्तेज्यूको विहारमा कठिन महोत्सव एंव ज्ञानेश्वर भन्तेज्युको ८९ बर्षको जन्मदिनको भव्य कार्यक्रममा भाग लिने शु-अवसर प्राप्त भयो । त्यो कार्यक्रम देख्न पाउँदा जीवनमा मैले कहिले नदेखेको कठिन दान उत्सवको श्रद्धा भएको देख्ने अवसर पाएँ । विहान भोजन प्रश्चात भगवान बुद्धको परिनिर्वाण अगाडि नुहाउनु भएको ठाँउ, भगवान बुद्धको अस्थिधातु बाडफाँड गरेको ठाँउमा दर्शन गरि अन्य विहारको अवलोकन गर्न सुअवसर प्राप्त भयो । त्यहि दिन साँझ ६ बजे सारनाथ विहारका प्रमुख भिक्षु चन्दिमा महास्थविज्यूको गाडीमा साथै बसेर सारनाथ सोहि दिन साँझ ११ बजे सारथानमा चन्दिमा भन्तेको विहारमा बास बस्न पुगियो । भोली विहान २०८१ कार्तिक २६ गते सोमबार, विहान त्यस विहारबाट प्रस्थान गरी भगवान बुद्धको सम्यक सम्वोधि यानी बुद्धत्व ज्ञान प्राप्त गरिसकेपछि पहिलो धर्मदेशना गर्नुभएको ठाउँ पवित्र स्थल धम्मेक स्तुप पुगी हामीहरु सबै जनाले शान्तिवती अनागारीका गुरुमाँको अगुवाईमा शिलप्रार्थना, बुद्धपुजा, परित्राण पाठ, १० मिनेट ध्यानको अभ्यास गरियो र पवित्र ठाँउको दर्शन गर्न सुअवसर पाईयो । त्यस ठाँउमा केही समय बिताई मृगदा वनमा रहेको मृगहरुलाई खाना दान गरियो भने त्यस पवित्र ठाँउबाट निस्किएर ध्यानकुटी विहारमा पुगियो । त्यहाँ लुम्बिनीका भिक्षु श्रीलंकन नन्दस्थविर संघ भेटभयो र भगवान बुद्धको पहिलो धर्मदेशना गर्नुभएको पञ्चवर्गिय भिक्षुहरु भएको मूतिको दर्शन गर्ने शु- अवसर समेत प्राप्त भयो । त्यसपछि अन्य विहारमा र बजारमा घुमघाम गरी साँझ चन्दीमा भन्तेज्यूको धम्म शिक्षण केन्द्र सारनाथ वारायणी विहारमा साँझको विश्राम गरियो । २०८१ कार्तिक २७ गते मंगलबार विहान बनारसको अस्सीघाट दर्शन गर्न सुअवसर प्राप्त भयो । श्रावस्तीका श्रद्धेय भन्ते सोरुपानन्द महास्थविज्यू भिक्षुसंग उहाँको विहारमा भेटघाट, भलाकुसारी गरियो । दिउँसो भगवान बुद्धको नाममा रहेको सारनाथको स्रंगाहलयमा रहेको पुरानो भगवान बुद्धको मूर्ति आदीहरुको अवलोकन गर्ने सुअवसर प्राप्त भयो । सारनाथ घुमघाम गरी चन्दीमा भन्तेज्यूको धम्म शिक्षण केन्द्र सारनाथ वारायणी विहारमा साँझको विश्राम गरियो । २०८१ कार्तिक २८ गते बुधबार विहान सारनाथको मूलगंध कुटी विहारमा गई सम्यकसबुद्ध भगवान बुद्धको दुर्लभ अस्थी धातुको दर्शन गर्ने सुअवसर हामीलाई प्राप्त भयो । त्यस दिन हामी सबैजनाले आफूलाई निकै भाग्यमानी भएको महसुस गऱ्यौं र त्यसपछी भगवान बुद्धको सारनाथको मूख्य ठाँउ भगवान बुद्धले पञ्च बर्गिय भिक्षुहरु लाई पहिलो धर्म प्रवचन गर्नुभएको ठाँउमा गएर हामीहरुले शिल प्रर्थाना, बुद्धपुजा, परित्राण पाठ १० मिनेटको आनापाना ध्यान अभ्यास गरी गुरुमा शान्तीवतीज्यूबाट धर्मप्रवचन सुनेर त्यहाँबाट फर्किएर विहानको खाना पछि साँझ ४ बजे अस्सी घाटमा गई त्यहाको गंगामा साँझ ७ बजे आरती हेर्न हामी गुरुमाँ शान्तीवती, म सरोज र सगुन ३ जना गई डुँगामा प्रति ब्यक्ति रु.५००।- आई सी, दिएर डुँगामा बसी साँझको ६ बजे देखि ९:३० बजेसम्मै डुँगामै बसि घुमघाम गरी आरती गंगालाई दिएको अवलोकन गर्ने सुअवसर हामीलाई प्राप्त भयो । त्यस वाराणसीको अस्सीघाटमा साँझको आरती दिएको हेर्नका लागि विभिन्न ठाँउका भक्तजनहरु धेरै मात्रामा आउनु हुने रहेछ र वारायणी (बनारस) जाँदा हेर्न छुटाउने नहुने एक ठाँउ त्यो पनि रहेछ । त्यसपछि फेरी साँझ १० बजे धम्म शिक्षण केन्द्र सारथान बाराणसी आई साँझको विश्राम गरियो ।

२०८१ कार्तिक २९ गते विहिबार, हामीहरुको बसेको विहार धम्म शिक्षण केन्द्र सारनाथ बाराणसीको विहारका प्रमुख भिक्षु चन्दीमा महास्थविरको कठिन महोत्सवमा भाग लिएर हामीहरुले पनि चिवर दान गर्न शुअवसर प्राप्त भयो । दानदिनु पर्ने चिवर त्यस ठाँउमा रु.५०० आई. सी.मा त्यही उपलब्ध हुँदोरहेछ त्यस कठिन दान उत्सव दाता बम्बईको एक ठूलो व्यापारीबाट भएको थियो । करिब उपासक ८०० उपासिका ९०० जनाको बृहद उपस्थीती रहेको थियो । भिक्षुहरु पनि करिब २०० जनाको सहभागीता रहेको थियो । सोहि दिन घम्म शिक्षण केन्द्रको मूलगेटको समुद्घाटन र पहिलो तल्लाको भगवान बुद्ध परिनिर्वाण हुनुभएको मुर्तिको पनि सारनाथ स्थित थाई भिक्षुबाट अनावण गरिएको थियो । त्यसपछि हामीहरु सारनाथको बाँकी रहेको विभिन्न विहार र बजारको घुमघाम पछि साँझ विहारमा आई आराम गरियो ।

२०८१ कार्तिक ३० गते कार्तिक पूर्णिमा शुक्रबारको दिन सारनाथबाट बिहानको ७ : १५ को ट्रेनबाट बुद्धगया गयौं । हामी बस्ने विहार जान राष्ट्रपाल भन्तेको विहार भनेपछी बुद्धगयाका ८०% अटो, गाडीवालाहरुले चिन्दो रहेछ । अन्तर्राष्ट्रिय साधना केन्द्र, विहारका आवशिय प्रमुख भिक्षु शासनपाल महास्थविर संग भेट भई उहाँले हामीहरुलाई आवास, खानाको प्रवन्ध गराई दिनुभयो । त्यही हामीहरु बसरे विहानको खान पछि बुद्धगयाको प्रमुख ठाउँ भगवान बुद्धको बुद्धत्व प्राप्त गर्नु भएको ठाँउमा महाबोधी मूल विहारमा पुगियो । भगवान बुद्धको बुद्धत्व प्राप्त गर्नुभएको ठाउँ, पिपलको बोट ध्यान गर्नु भएको ठाउँ, चंक्रमण गर्नु भएको ठाउँ, आँखा खोली ध्यान गर्नुभएको ठाउँ र त्यहाँको विहार स्टुपमा भित्र जाँदा मलाई कुन ठाँउमा आएको रहेछु मैले सुनेको मात्र थिएँ । आज प्रत्यक्ष देख्न पाउँदा मैले त्यहाँको वणन गर्ने शब्द नै भेटिन । त्यस ठाउँमा विदेशी बर्मा, थाईल्याइ, भारतको विभिन्न ठाँउका भक्तजन, श्रीलंका आदीका भिक्षु उपासक उपासिका त्यहाँ बसी भगवान बुद्धको आरधना गरेको देख्दा हामीहरु धेरै नै पछाडी भएको अनुभव भयो र हामीहरु पनि शिल प्रर्थाना, बुद्धपुजा, १० मिनेटको ध्यान अभ्यास, गुरुमाँज्यूबाट धर्मप्रवचन सुनी त्यस ठाँउमा ४ घण्टा बिताएको पत्तै भएन । आजभन्दा २६ सयवर्ष अगाडिको पिपलको बोट जहाँ भगवान बुद्धले बद्धत्व प्राप्त गर्नुभएको ठाँउ देख्न पाउँदा मेरो जीवनको ठूलो लक्ष्य पुरा भएको मैले ठानें । त्यस पिपलको बोटको पात हरियो वा सुकेको पात एक खस्न नपाउँदै भक्तजनले लिएर प्रसादका रुपमा राख्दो रहेछ । मैले पनि सुकेको २ वटा पाट प्राप्त गर्न सुअवसर पाएँ । त्यस ठाउँको कुन भाषा र शब्दबाट बर्णनगरुँ मसँग शब्द र भाषा पनि छैन मैले केवल मस्वयंलाई भाग्यमानी ठानें । त्यस ठाउँमा पुग्न पाउनु नै ठूलो अहोभाग्य रह्यो र त्यसपछी साँझ सामान्य बजार घुमघाम गरी साँझ अन्तर्राष्ट्रिय साधना केन्द्र, सासनपाल भन्तेज्यूको विहारमा आई आराम विश्राम गरियो । त्यस दिन कार्तिकको पूर्णिमाको दिन पनि रहेको थियो ।

२०८१ मंसिर १ गते शनिबार, बुद्धगयाको अन्तर्राष्ट्रिय साधना केन्द्रबाट विहानै गाडी (रिजर्व ४३ सयमा) रिर्जव गरी गयौं र त्यहाँ विहानै सुवर्ण भण्डार शुदर्शन महाराजाको दरबार रहेको ठाउँ पुग्यौं जहाँ मुसलमानहरुले दरबार भित्र रहेको भिक्षु र अन्य उपासक र उपासिकाहरुलाई ढोका बन्द गरी नरसंहार गरेको थियो, त्यहाँ अवलोकन गरियो र त्यसपछि भगवान बुद्धको पालाको विश्वविद्यालय नालन्दा महाविहारको भग्नावशेष पुरातत्व सर्वेक्षण रहेको ठाँउको अवलोकन गर्न पुगियो । मैले कल्पना गर्न पनि सकिन त्यस बखत कसरी बनाएको होला त्यो ठाउँ तानसेन पाल्पा बजार जति ठूलो ठाउँमा भग्नावशेष विहारहरु थियो ।

*-बाँकी ३ पेजमा....*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पराक्रममा वृद्धि हुनेछ । भगवान सूर्यलाई अर्घ्य दिएर दिनको प्रारम्भ गर्नुहोस्। | **तुला** : इच्छा अनुसारको परिकार मिल्नेछ। आफन्तको सहयोगले लाभ मिल्नेछ। |
| **वृष** : आफन्तहरूको साथ सहयोग मिल्नेछ।कार्यक्षेत्रबाट मानसम्मान मिल्नेछ। | **वृश्चिक** : नयाँ काम सुरु गर्ने समय छ । भाग्यले विभिन्न अवसर जुराउनेछ । |
| **मिथुन** : नोकरीमा पदको प्रभावले लाभ मिल्नेछ। प्रतिस्पर्धामा सफलता मिल्नेछ। | **धनु** : मित्रबाट विशेष सहयोग मिल्नेछ। लाभदायक यात्रा पनि होला । |
| **कर्कट** : आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला । | **मकर** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। प्रेम सम्बन्ध कसिलो हुनेछ। |
| **सिंह** : व्यक्तित्वमा निखार आउनेछ। कार्यक्षेत्रमा सम्मान बढ्नेछ । | **कुम्भ** : घरमा अतिथिको आगमन हुनेछ। संगीतमा रुचि पनि बढ्नेछ । |
| **कन्या** : उद्योगबाट फाइदा मिल्नेछ। यवसायमा अनुबन्धहरूले गर्दा लाभ मिल्नेछ। | **मीन** : स्वास्थ्यमा खर्च बढ्नेछ । यात्रामा मालसामान हराउन सक्छ । |

## कृषि

# कृषिमा रोजगारी सिर्जना घट्यो



गत वर्षको तुलनामा चालु आर्थिक वर्ष कृषि क्षेत्रमा रोजगारी सिर्जना घटेको छ ।

आर्थिक सर्वेक्षण २०८१/८२ ले गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष यस्तो संख्या घटेको देखिएको हो ।

गत वर्ष संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायबाट सञ्चालित कार्यक्रमहरूबाट दुई लाख ३६ हजार चार सय प्रत्यक्ष रोजगारी सिर्जना भएको थियो । चालु वर्षको फागुनसम्म ५८ हजार सात सय मात्रै रोजगारी सिर्जना भएको हो ।

*-सेतोपाटी डटकम*

# बौद्ध तीर्थ स्थल र भ्रमणको ...

...त्यस नालन्दा विश्वविद्यालयमा अहिले पनि बुद्धधर्मका विषयमा पठन पाठन हुँदो रहेछ र मैले १० वटा भग्नावशेष विहारको अवलोकन गरे तर अरु पनि त्यस्ता धेरै ठाउँ बाँकी छ । हामीले कल्पना पनि गर्न गाह्रो छ । सयै वर्ष अगाडि त्यस ठाँउमा त्यस विश्वविद्यालय कसरी बनाएको होला । त्यस ठाँउलाई भारतीय सरकारले संरक्षण गरी राखेको छ । त्यसपछि विहानको खाना पछि तातो पानीमा नुहाउने ठाँउ सप्त घाट ब्रह्म कुण्ड (तातो पानीले नुहाउने पोखरी) अवलोकन गरी त्यहाँबाट केवलकार प्रति व्यक्ति १२० आई. सी. बाट शान्ति स्तुपाको दर्शन गरियो भने देवदत्तले भगवान बुद्ध हिंडिरहेको बखत माथीबाट ढुँगाले खसालेको ठाँउ गृद्धकुट पहाड अवलोकन गरेपछी भगवान बुद्धले ६ वर्षसम्म केही पनि नखाई गृद्धकुट पहाडको ओढारमा ध्यान गर्नु भएको ठाउँमा पुगियो त्यहाँ जानका लागि शान्तीवती गुरुमाँ र मेरी श्रीमती सुगुन देवी शाक्यलाई पाल्कीमा बोकाएर हामीहरु पैदल हिंडेर भगवान बुद्धले ६ वर्ष तपश्या गर्नु भएको अति नै महत्वपूर्ण (आजकल ढुँगेश्वररी मन्दीर भन्दो रहेछ) त्यस ठाउँको दर्शन गर्ने सुअवसर प्राप्त भयो । त्यस ठाउँ २६ वर्ष अगाडि कसरी त्यस ठाँउको ढुगाको पहाडलाई सानो ढोकाबाट भित्र जाँदा कोठा भएको कसरी त्यस बखत बनाएको होला मैले अनुमान नै गर्न सकिन । भगवान भएकाले बुद्धको ध्यान गर्ने स्थल गर्दा बर्मेलीहरुले त्यस ठाउँ बनाई दिएको भन्ने सुन्नमा आयो । सत्य असत्य मलाई थाहाँ भएन । अहिलेको जमानामा त्यस्तो ठाँउ बनाउन त मसिनको माध्यमबाट सजिलो होला २६ सय वर्ष अगाडि कसरी बनाएको होला । हामी सबैले त्यस ठाउँमा भगवान बुद्धले आफ्नो शरीरमा हाड र छाला मात्र बाँकी रहेर ध्यान गरेको दूर्लभ ठाउँको दर्शन गर्ने सुअवसर प्राप्त भएकोमा मैले आफूलाई सारै भाग्यमानी थानेको छु । तपाईहरु पनि एकपल्ट जार्नपर्ने ठाउँ हो मैले अनुरोध गर्न चाहन्छु । यसरी नालन्दा,उरुबेलवन,गृधकुट तातोपानीको ठाँउमा दर्शन गरी साँझ ६ बजे अन्तर्राष्ट्रिय साधना केन्द्र, सासनपाल भन्तेको विहारमा आएर आराम गरियो ।

२०८१ मंसिर २ गते आईतबार, विहान बुद्धगयाको मुख्य विहार भगवान बुद्धले बुद्धत्व प्राप्त गर्नु भएको महाबोधी बुद्ध विहारमा गई फेरी शिल प्रार्थना बुद्धपुजा, ध्यान अभ्यास, धर्मप्रवचन सुनि विहानको सम्पूर्ण समय त्यहि महत्वपूर्ण ठाँउमा बितायौ । त्यहाँबाट विहानको खानापछि भगवान बुद्धलाई खिरदान दिने सुजाता उपासीका जन्म स्थानमा रहेको सुजाता स्तुपको दर्शन गरियो र सुजाताको विहारमा गई भगवान बुद्धलाई खिरदान गर्नु भएको ठाउँ दर्शन गरियो । त्यहाँ प्रत्येक दिन त्यस गाउँका गाईको दुध खिरदान गर्न प्रत्येक दिन चढाउने प्रचलन रहेछ र उपासक उपासिंकाहरुले आफूले सकेको दान प्रदान गर्ने चलन पनि रहेछ । त्यसपछि भगवान बुद्ध ध्यान बस्नका लागि किसानले कुस दान गरेको विहार BUDDHA GRASS TEMPLE को दर्शन गरियो त्यसपछि तानसेनको आनन्द विहारमा केही समय बस्नु भएको भिक्षु बस्नु भएको बुद्धगयाको जापानिज विहारको दर्शन अवलोकन गरियो र Sleeping Buddha भगवान भएको भारतको सबैभन्दा ठूलो मूर्ति भएको विहारको दर्शन गरियो । त्यसपछि साँझ पख बुद्धगयाको बजार घुमघाम गरी सासनपाल भन्तेको विहारमा आरम गरियो ।

२०८२ मंसिर ३ गते सोमबार, बुद्धगयाबाट सारथानसम्म ट्रेनबाट यात्रा गरी फेरी सारनाथको धम्म शिक्षण केन्द्र सारनाथन बाराणसीमा साँझको आराम गरियो ।

२०८२ मंसिर ४ गते विहान ८ बजेको रोडवेज बसबाट बाराणसीमा सारनाथबाट साँझ ६:३० बजे सुनौली बजार आइयो र चेक जाँच पछि ८ बजे सुनौलीबाट बुटवलमा गाडीबाट साँझ ९ बजे बुटवल बसपार्क पुगियो । त्यसपछि ईरिक्साबाट बुटवलको बसपार्कबाट बुटवल, पद्मचैत्य विहारमा गई विश्राम गरियो २०८२ मंसिर ५ गते विहान बुटवलबाट तानसेन घरमा विहान ८ बजे आईयो । यसरी १३ दिनको हाम्रो धार्मिक भ्रमण समाप्त भयो ।

अन्तमा, म मेरो परिवारको धार्मिक भ्रमणको व्यवस्थापन मिलाई दिनुभएका मेरी श्रीमती सगुन देवी शाक्यको दिदी बुटवल पद्मचैत्य विहारका आवसिय अनागारिका शान्तीवती गुरुमाँ, चागा गुरुमाँ, कुन्दला गुरुमाँलाई मेरो परिवारको तर्फबाट फ्दयदेखी साधुवाद व्यक्त गर्दछु । उहाँहरुले हामी दुईलाई सरल तरिकाबाट कुशीनगर सारनाथ ,बुद्धगया आदि ठाँउमा दर्शन गराउन खेलेको भूमिकालाई हामी दुवैजनाले मेरो जिन्दगी रहुन्जेलसम्म सम्झना स्वरुप भित्री मनमा राखी रहनेछु । हामी गएको सम्पूर्ण ठाँउमा तपाईहरु पनि एकपल्ट जानुभएर पुण्य गर्नु होला भनि अनुरोध गर्नु चाहान्छु । जीवनमा कम्तिमाएक पटक जानैपर्ने ठाँउ रहेछ अत: हामी बौद्धमार्गीहरु लाई सो यात्रा पछि गुरुमासंग जान पाउँदा मलाई मेरो फुपू गुरुमाँ खेमाचारीज्यूको सम्झना आयो २००२ सालमा बर्मामा गई अध्ययन गरी शाक्यानन्द भन्ते, अमृतानन्द भन्तेसंग जानु भई कुशीनगरको चन्द्रमणी भन्तेज्यूमा गुरुँमा भई २००५ सालमा नेपाल तानसेन फर्कनु भएर २००६ साल जेठ ४ गते सोमबार परलोक हुनु भएका गुरुमाँ तानसेन पाल्पाको पहिलो अनागारीका मेरा फुफु भएको नाताले पनि मेरे श्रीमतीको दिदी गुरुमाँ शान्तीवतीज्यू संग सो ठाँउमा जान पाउनु म स्वयंलाई नै धेरै भाग्यमानी ठानेको छु । भगवान बुद्धले भन्नु भए बमोजिम बुद्धजन्म स्थल लुम्बिनी (नेपाल) बुद्धत्व लाभ भएको बुद्धगया (उत्तर प्रदेश भारत) धर्मचक्र प्रवर्तन स्थल सारनाथ (भारत) तथा बुद्ध परिनिर्वाण स्थल कुशीनगर (भारत) यी ४ संवेजनीय स्थल तीर्थस्थल रुपमा घुम्नु समस्त बौद्ध मार्गीहरुको लागी अत्यन्त लाभदायक हुने भएकोले मानवजीवनमा कम्तीमा एक पटक अवश्य पनि यी ४ महत्वपूर्ण बौद्ध तीर्थस्थलमा तपाईहरु पनि घुम्नु भई आफ्नो मनलाई आनन्दीत धम्मचित्त उत्पन्न गराउनु होला ।

***धन्यवाद । भवतु सब्ब मंगलम ।***

# व्यावसायिक चिराइतो खेतीबाट आम्दानी गर्दै किसान

षडानन्द नगरपालिका-१० तीनतलेका किसानहरू बहुउपयोगी जडीबुटी चिराइतोको व्यावसायिक खेतीमा सक्रिय रूपमा लागेका छन् । मकै, आलुलगायतका परम्परागत बालीको तुलनामा चिराइतोबाट राम्रो आम्दानी हुने भएपछि उनीहरूको आकर्षण यसतर्फ बढेको हो ।

षडानन्द-१० साङपाङका वडाध्यक्ष पेमदोर्ची शेर्पाका अनुसार, तीनतले क्षेत्रका १२० भन्दा बढी किसानहरूले चिराइतो, लोठसल्ला, सतुवालगायतका जडीबुटीको व्यावसायिक खेती गरिरहेका छन् । यस क्षेत्रका माथिल्लो भेगका किसानहरूको मुख्य आम्दानीको स्रोत नै चिराइतो बनेको छ । नगरपालिकाले यस माथिल्लो भेगलाई जडीबुटीको पकेट क्षेत्र घोषणा गरेर जडीबुटी खेतीका लागि प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।



"चिराइतो तीनतले क्षेत्रका अधिकांश किसानको मुख्य आम्दानीको स्रोतका रूपमा रहेको छ," वडाध्यक्ष शेर्पाले बताए, "अन्य बालीको तुलनामा जडीबुटी चिराइतो खेतीबाट राम्रो आम्दानी हुने भएपछि किसान व्यावसायिक खेतीमा लागेको देखिन्छ । अहिले हामीले यो क्षेत्रलाई चिराइतो पकेट क्षेत्र घोषणा गरेर जडीबुटी खेतीका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिरहेका छौँ ।" तीनतले क्षेत्रका किसानहरूले चिराइतो बिक्रीबाट एकपटकमा न्यूनतम १ लाख ५० हजारदेखि १२ लाख रुपैयाँसम्म आम्दानी लिने गरेको स्थानीय किसान फुर्लाक्पा शेर्पाले जानकारी दिए । आफूले अहिले २५ रोपनी क्षेत्रमा चिराइतोको व्यावसायिक खेती गरिरहेको बताउँदै उनले यसबाट औसतमा वार्षिक ४ लाखदेखि ७ लाख रुपैयाँसम्म आम्दानी लिने गरेको उल्लेख गरे । गत वर्ष चिराइतो बिक्रीबाट मात्र ७ लाख रुपैयाँ आम्दानी गरेको पनि उनले जानकारी दिए । उत्पादन भएको चिराइतो घरबाटै ठेकेदारले लैजाने गरेको स्थानीय अर्का किसान निमा शेर्पाले बताए। गत वर्ष एक मन (४० केजी) चिराइतो घरबाटै ४० हजारदेखि ४५ हजार रुपैयाँसम्ममा बिक्री भएको उनले जानकारी दिए। राम्रो आम्दानी हुने भएपछि १० वर्षअघिबाट व्यावसायिक रूपमा चिराइतो खेतीमा जुटेको उनको भनाइ छ ।

"मैले १० वर्षअघिबाट चिराइतोको व्यावसायिक खेती गरिरहेको छु," निमा शेर्पाले भने, "चिराइतोबाट राम्रो आम्दानी लिँदै पनि आएको छु । बर्सेनि मूल्यवृद्धि भइरहेको अवस्था छ । त्यही भएर धेरै किसान यसको व्यावसायिक खेतीमा लागेका छन् ।"

चिराइतो बारीमा छरेको २६ देखि २७ महिनासम्ममा सङ्कलन गर्न योग्य हुन्छ । चिराइतो विशेषगरी भदौ, असोज र कात्तिकमा सङ्कलन गरिने शेर्पाले बताए । पछिल्लो समय चिराइतोमा बोट सुक्ने र जरा कुहिने रोगको समस्या देखिन थालेको उनले जानकारी दिए । राज्यको तहबाट रोग कीरा नियन्त्रणमा सहयोग भएमा किसानले अझ राम्रो आम्दानी गर्न सक्ने उनको भनाइ छ । चिराइतो ज्वरो, दम, रुघाखोकी, मधुमेह, पिसाब पोल्ने, पेटको जुकालगायतका रोगका लागि औषधिको रूपमा प्रयोग गर्न सकिने स्थानीयले बताएका छन् । यसको पात, डाँठ, जरालगायत सम्पूर्ण भाग नै प्रयोग गर्न सकिन्छ । यहाँ उत्पादित चिराइतो भारत, चीन र बङ्गलादेशमा निर्यात हुने गरेको व्यवसायीको भनाइ छ ।

१,५०० मिटरदेखि २,५०० मिटरसम्मको उचाइको हावापानीमा चिराइतो राम्रोसँग फस्टाउने भएकाले यहाँका माथिल्लो भेगका अधिकांश मानिसले यसको खेती गरिरहेका छन् । लेकाली भेग तथा चिस्यान क्षेत्र भएकाले यहाँ चिराइतोको राम्रो उत्पादन हुँदै आएको छ । चिराइतो षडानन्द नगरपालिकाको वडा नं १०, ११ र १३ को माथिल्लो भेग, टेम्केमैयुङ-५ मझौले, तिम्मा, दोभाने, हेलौंछा, खार्तम्छा, आमचोक गाउँपालिकाको यँु, वासिङथर्पु, पौवादुङमा गाउँपालिकाको श्यामशिलालगायतका क्षेत्रमा व्यावसायिक खेती हुने गरेको छ ।

*-हाम्राकुरा डटकम*

# भिरमहको उत्पादन घट्यो

म्याग्दीमा यस वर्ष भिरमह उत्पादन घटेको छ । विगतको तुलनामा ७५ प्रतिशत कम मह उत्पादन भएको मह सिकारीहरूले बताएका छन् ।

अन्नपूर्ण गाउँपालिका-५ स्वाँतका मह सिकारी लोकबहादुर पाइजाले अघिल्लो वर्ष एक हजार लिटर मह निकालिएकोमा यसपाली २०० लिटर मात्र मह उत्पादन भएको बताए। पाइजाको टोलीले स्वाँत गाउँ नजिकै रहेको छहरीभिर र छिसको टाउकोमा दुई दिन मह सिकार गरेका थिए । हिउँदको खडेरी र मह निकाल्ने समयमा भएको बर्सातका कारण मौरी चरन क्षेत्रमा जान नपाउँदा गोलाको मह खाएकाले उत्पादन कम भएको पाइजाले बताए । म्याग्दीको अन्नपूर्ण, रघुगङ्गा र धौलागिरि गाउँपालिकाको लेकाली क्षेत्रमा भिरपहरामा जेठ महिनामा मह सिकार गर्ने चलन छ ।



वसन्त र शरद् ऋतु मह सिकारका लागि उपयुक्त समय मानिन्छ । वसन्त ऋतुमा बेँसी र शरद्मा लेकमा पुगेर भिरमह निकाल्न उपयुक्त समय हो । गत वर्ष दुई हजार लिटर मह निकालेको धौलागिरि गाउँपालिका-२ खोरीयाका मह सिकारी मोतीप्रसाद पाइजाको टोलीले यस वर्ष ५०० लिटर मात्र निकालेको छ । धौलागिरिको गुर्जा, मुदी, रघुगङ्गाको चिमखोला, कुइनेमङ्गले, अन्नपूर्णको हिस्तानमा रहेका भिरमा मह सिकार गर्न गएका सिकारी टोलीहरुले पनि मह उत्पादन घटेको बताएका छन् । खोल्साको नजिकैको ओसेपिलो ठाउँको अक्करे पहाडको बीच भागमा भिरमौरीको वासस्थान हुन्छ । वनजङ्गलमा फुल्ने फूल भिरमौरीको आहरा हो । हिउँदमा न्यानो खोज्दै बेँसी झर्ने भिरमौरी गर्मी बढ्न थालेसँगै माथिल्लो क्षेत्रमा बसाइँसराइ गर्छन् । डोरीको सहायताले डरलाग्दो भिरमा झुन्डिएर निकालिने भिरमह प्रतिलिटर रु तीन हजारदेखि रु तीन हजार ५०० का दरले भिरमह बिक्री हुने गर्छ । स्वादिलो, स्वास्थ्यका लागि हितकर र शक्तिवर्द्धक मानिने भिरमह धार्मिक कार्यका लागि पनि प्रयोग हुन्छ ।

विदेश गएका र सहरमा बस्नेहरुले भिरमह कोसेलीका रुपमा लैजाने गर्छन् । भिरमा भिरमौरीले लगाएका गोला काट्नका लागि मह सिकारी डोरी (पराङ) मा झुन्डिएर मह सिकार गर्ने गर्दछन् । मह निकाल्नका लागि भिरको माथिल्लो भाग र तल्लो भागमा दुई समूहमा सिकारी बाँडिएका हुन्छन् । एक समूहले भिरको माथिबाट तल भुइँसम्म डोरी (स्थानीय भाषामा परङ) झुन्ड्याउँछन् भने भिरको तलपट्टी रहेको अर्को समूहले मह थाप्ने र स्याहार्ने गर्दछन् ।

महको चाका वरिपरि मौरी घेरिएर बसेका हुन्छन् । धुवाँ लगाइदिए पछि मौरी भाग्छन् । त्यतिबेला मह निकाल्न विशेष ध्यान पुऱ्याउनुपर्छ । जब परङमार्फत गएका सिकारीले गोलामा धुवाँ झोस्न सुरु गर्छन् मौरीले टोक्ने डरले वरपरका सबै सिकारी रूख र ओडारमा लुक्छन् ।

मौरी अन्यत्रै भागेपछि मात्र उनीहरुलाई बाहिर आएर मह निकाल्न सजिलो हुने गर्छ । मुख्य सिकारीले हतियार प्रयोग गरी निकालेको महको भाँडालाई डोरीको सहायताले भुइँसम्म ल्याउने गरिन्छ । *-रासस*

# आज अन्तर्राष्ट्रिय बुवा दिवस



**पाल्पा, जेठ ३१/** आज अन्तर्राष्ट्रिय बुवा दिवस आज विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष जुन महिनाको तेस्रो आइतबार विश्व समुदायले बुवाको सम्मानमा यो दिवस मनाउने गर्दछ ।

परापूर्व कालदेखि नै मातृ देवो भव, पितृ देवो भव भन्ने नारालाई आत्मसाथ गर्दै आमा र बुवाको मुख हेर्ने दिनमा स्नेहपूर्वक रूपमा मनाउने सनातन दर्शनमा आमा र बुवालाई भगवान् सरह मान्यता दिइएको नै छ । यस दिन पिताको सम्मान गरी जन्यजनक भाव सम्बन्धलाई प्रगाढ बनाउने परम्परा रहेको छ । श्रुतिस्मृतिमा 'आत्मा वै पुत्र:' अर्थात् कुनै पनि सन्तान व्यक्तिको आफ्नो स्वरूपको रूपमा जन्मिएको हुन्छ भनिएको छ । तसर्थ यस दिन पिताकै स्वरूपमा जन्म लिएका हरेक सन्तानले पिताको सम्मान गर्ने वैदिक कालदेखि नै परम्परा विकसित भएको पाइन्छ । आजको दिनमा पिता जीवित हुनेले मीठामीठा पक्वान्न तयार पारी खुवाउने, न्याना उपयोगी कपडाद्वारा सम्मान गर्ने, बुवाको मुख दर्शन गर्ने र प्रणाम गर्ने चलन रहेको छ भने पिताको देहावसान भइसकेकाहरूले चाहिँ पितृ मुक्तिको कामना गर्दै पितृ तर्पण वा दानदक्षिणा गर्ने गर्दछन् ।

जो बुवा आमा भन्दा टाढा छन् । जसले वर्षौंसम्म पनि आमा बुवा भेट्न पाउँदैनन्, उनीहरुका लागि यो दिवस महत्वपूर्ण रहन्छ । तर वर्षमा एक दुई पटक बुवा आमाप्रति सद्भाव र माया दर्शाएर पुग्दैन । जन्म र कर्म दिने बुवा आमालाई वर्षमा एक/दुई दिन सम्झिएर हुँदैन । अझ अहिले त वर्षभरी वास्ता नगर्ने जब आमा, बुवाको मुख हेर्ने र दिवस आउँछन् तब सामाजिक सञ्जालका भित्ताहरूमा बुवा आमाका तस्वीरहरु सजाएर राख्ने प्रवृत्तिको विकास भएको छ जुन गलत हो । हिजोआज बढ्दो पश्चिमीकरण र तिनका मूल्य-मान्यता अँगाल्ने होडमा धेरै बुवाआमाहरू अवहेलनामा परिरहेका छन् । आफू सक्षम नबनुञ्जेल काखमा लुटपुटिने र सक्षम बनिसकेपछि तिनै आमालाई साहारा विहीन बनाउने सन्तानहरू अहिले बढिरहेका छन् । यो दु:खको कुरा हो । बुवा आमा-जननी, जन्मदाता र कर्मदाता हुन् ।

## सेवा प्रवाहमार्फत जनतामा...

...नेपाल निजामती कर्मचारी युनियनका केन्द्रीय कार्यवाहक अध्यक्ष उत्तम कुमार कटुवालले आफ्नो पेशागत हक हित र अधिकारप्रति सजग हुन युनियनमा आवद्ध कर्मचारीहरुलाई आग्रह गरे ।

कार्यक्रममा युनियनका केन्द्रीय उपमहासचिव इन्दु शर्मा, नेपाली काँग्रेसका जिल्ला सदस्य पुरुषोत्तम अर्याल, नेपाली काँग्रेस विपि चिन्तन प्रतिष्ठानका अध्यक्ष सन्दीप राना, युनियन लुम्बिनी प्रदेश अध्यक्ष वामदेव शर्मा, युनियनका केन्द्रीय सदस्यहरु हरि ज्ञवाली, सुनिल लामिछाने, युनियन रुपन्देहीका चक्रपाणी पाण्डे, युनियन पाल्पाका निवर्तमान अध्यक्ष रवि अर्याल, नेपाल निजामति कर्मचारी संगठन पाल्पाका प्रतिनिधि भोजबहादुर राना लगायतले अधिवेशनको सफलताको शुभकामना व्यक्त गरे । सोही अवसरमा युनियनले सेवा निवृत्त कर्मचारीहरुलाई सम्मान समेत गरेको छ । युनियनका सचिव ओमप्रकाश न्यौपानेका अनुसार भक्तिश्वरा राना, महेश पाण्डे, इन्दिरा भट्टराई, चुराबहादुर गोदारलाई सम्मान गरिएको हो ।

यस्तै युनियनका निवर्तमान अध्यक्ष रवि अर्याललाई पाल्पाबाट सरुवा भइसकेकाले विदाइ समेत गरिएको थियो । युनियनका अध्यक्ष लिलामणी बस्यालको अध्यक्षता, उपाध्यक्ष भगवती केसीको स्वागत, सचिव ओमप्रकाश न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## तानसेनमा जनप्रतिनिधि र काँग्रेसबिच...

...विभाग प्रमुख आचार्यले देशैभर स्थानीय जनप्रतिनिधिहरुसँग बसेर विकासका विषयमा छलफल र अन्तर्क्रिया कार्यक्रम गर्दै हिडेको उल्लेख गरे ।

उनले पार्टीमा देखिएका केही समस्याहरु अब महाधिवेशनबाट समाधान हुने बताए । आचार्यले काँग्रेस कानुनी र चरित्रको राजनीतिमा विश्वास गर्ने समेत उल्लेख गरे । कार्यक्रममा नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले विकास र रोजगार काँग्रेसको मिसन भएको बताए । उनले काँग्रेसले स्थानीय तहका जनप्रतिनिधिहरुसँग सहकार्य गरी विकास र रोजगारका कार्यक्रमहरुलाई अगाडि बढाउने उल्लेख गरे । नेपाली काँग्रेसका निवर्तमान सभापति तथा लुम्बिनी प्रदेश सांसद विरबहादुर रानाले उर्जावान समयलाई सदुपयोग गरी पार्टी निर्माण र विकासमा खर्चिन सबैलाई आग्रह गरे । उनले अरुको आलोचना गर्नु भन्दा पनि इमान्दारका साथ आफ्नो जिम्मेवारिप्रति सर्मपित हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा नेपाली काँग्रेसका जिल्ला उपसभापतिहरु झपेन्द्र गहिरे, ज्ञानबहादुर गाहा, काँग्रेस क्षेत्र नं . २ का क्षेत्रिय सभापति मुक्तिराम जिसी, तानसेन नगर सभापति सुवर्णमुनी शाक्य, काँग्रेस नेताहरु माधव नेपाल, लक्ष्मी अधिकारी, मालती पौड्याल, चिरञ्जीवी सिक्देल, दीपक थापा, ओमप्रसाद पोखरेल, टेकबहादुर राना, गिरीबहादुर लम्काहा, जनप्रतिनिधिहरु रमणबहादुर थापा, बालकुकारी थापा, यादवसिं कार्की, किशोर काफ्ले, लालबहादुर थापा, हरी थापा क्षेत्री, माया नेपाली, रञ्जना खनाल लगायतले आ-आफ्ना अनुभव र कार्यसम्पादनमा भोग्नु परेका समस्याका बारेमा जानकारी गराएका थिए ।

नेपाली काँग्रेस जिल्ला विकास शाखाका संयोजक विधान श्रेष्ठको अध्यक्षता, काँग्रेस लुम्बिनी प्रदेशका सदस्य सन्दीप रानाको स्वागत, पदमराज न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

### खेलकुद समाचार

## दक्षिण अफ्रिकालाई विश्व टेस्ट च्याम्पियनसिपको उपाधि



**काठमाडौं,** जेठ ३१/दक्षिण अफ्रिकाले पहिलोपटक आईसीसी विश्व टेस्ट च्याम्पियनसिप (२०२३-२५)को उपाधि जितेको छ । शनिबार सम्पन्न फाइनल टेस्टमा अस्ट्रेलियालाई हराउँदै दक्षिण अफ्रिकाले २७ वर्षपछि आईसीसीको मुख्य प्रतियोगिता जितेको हो ।

२८२ रनको लक्ष्य दक्षिण अफ्रिकाले शनिबार चौथो दिनको खेलको पहिलो सत्रमा ५ विकेटको क्षतिमा पूरा गर्‍यो । एइडेन मार्क्रमले शानदार शतकसहित १३६ रन बनाएर टिमको जितको आधार तय गरे । चौथो दिन २१३-२ को अवस्थाबाट खेल सुरु गरेको दक्षिण अफ्रिकाले यसबीचमा ३ विकेट गुमायो । कप्तान टेम्बा बाभुमा ६६ रन बनाएर आउट भए भने ट्रिस्टन स्टब्स ८ रनमा आउट भए । मार्क्रम टिमलाई ६ रन आवश्यक हुँदा क्याच आउट भए ।

यो दक्षिण अफ्रिकाका लागि २७ वर्ष पछि पहिलो प्रमुख आईसीसी प्रतियोगितामा विजय हो – सन् १९९८ मा आईसीसी नकआउट ट्रफी जितेको पछि पहिलो च्याम्पियन बन्न सफल भएको छ । टस हारेर पहिले ब्याटिङ गरेको अस्ट्रेलिया पहिलो दिन २१२ रनमा अलआउट भएको थियो । कगिसो रबाडाले ५ विकेट लिएका थिए । जवाफमा दक्षिण अफ्रिका मात्र १३८ रनमा अल आउट हुन पुग्यो । अस्ट्रेलियाका कप्तान प्याट कमिन्सले ६ विकेट लिएका थिए । दोस्रो इनिङमा ७४ रनको अग्रताबाट सुरु गर्दै अस्ट्रेलियाले मध्यक्रम धर्मराएपनि मिचेल स्टार्कको ५८ रन मद्दतमा थप २०७ रन जोड्दै २८१ रनको अग्रता बनाएको थियो । यस इनिङमा रबाडाले ४ विकेट लिए । जवाफमा दक्षिण अफ्रिकाले २८२ रनको लक्ष्य पछ्याउन सुरु गर्दा सुरुमा रायन रिकेल्टन ६ रनमा आउट भए पनि वियान मुल्डर (२७) सँगको ६१ रनको साझेदारी पछि एडेन मार्करामको शतकीय इनिंग्स र कप्तान बाभुमाको अनुभवीले टोलीको विजय तय गरेको हो । यसअघि पहिलो संस्करणको टेस्ट च्याम्पिनसिप (२०२१)को उपाधि न्युजिल्याण्डले जितेको थियो भने दोस्रो संस्करण (२०२३) अस्ट्रेलियाले जितेको थियो ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


# निजामती कर्मचारी युनियन पाल्पामा नयाँ नेतृत्व, अध्यक्षमा न्यौपाने



**पाल्पा, जेठ ३१**/नेपाल निजामती कर्मचारी युनियन पाल्पामा नयाँ नेतृत्व चयन भएको छ । युनियनको शनिबार भएको ९ औं जिल्ला अधिवेशनले ओमप्रकाश न्यौपानेको नेतृत्वमा नयाँ समिति चयन गरेको हो ।

यस अघि सचिवमा रहँदा कुशलतापूर्वक जिम्मेवारी निर्वाह गरेका अर्याललाई अधिवेशनले अध्यक्षको जिम्मेवारी दिएको छ । उनी सर्वसम्मत अध्यक्षमा चयन भएका हुन् । जसको खुला उपाध्यक्षमा भगवती केसी, महिला उपाध्यक्षमा पुजा परियार, सचिवमा हरीबहादुर थापा, सहसचिव हुमबहादुर कुंवर, कोषाध्यक्षमा जीवन बस्याल चयन भएका छन् । यस्तै सदस्यहरुमा भिमसेन नेपाल, पशुपति न्यौपाने, सन्तोष दहाल, मधु पाण्डे, गंगा भण्डारी, संगीता दुधराज, विपना राना, जितकुमारी ढेंगा, पंकज रायमाझी, प्रकाश केसी, कृष्णबहादुर थापा, रेश्मीराज न्यौपाने र भोजराज अधिकारी रहेका छन् ।

यस्तै अधिवेशनले केन्द्रीय प्रतिनिधि र प्रदेश प्रतिनिधि समेत चयन गरेको छ । जहाँ केन्द्रीय प्रतिनिधिमा लिलामणी बस्याल, जीवन राना, रिमा आचार्य, गिरिराज घिमिरे, चन्द्रबहादुर आले, प्रदेश प्रतिनिधिमा पुनम धिताल, टिकाराम बस्याल, मणिराम अधिकारी, तुलसीराम काफ्ले र हरी प्रसाद पराजुली रहेका निर्वाचन अधिकृत शिव प्रसाद देवकोटाले जानकारी दिए ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई